annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ८४ पृष्ठ ८ | काठमाडौं, मंगलबार ६ साउन २०८२ | श्रावण कृष्णपक्ष द्वादशी नेपाल संवत् ११४५ | TUESDAY, JULY 22, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०


कभर स्टोरी


# खर्च धान्नै नसक्ने हालतमा स्थानीय सरकार

स्थानीय सरकार सञ्चालनको आठ वर्ष बितिसक्दा पनि स्थानीय सरकार अझै आत्मनिर्भरताको बाटोमा लागेको देखिन्न । संघीय सरकारले पठाउने अनुदानकै भरमा पालिकाहरू चलिरहेका छन् । स्थानीय स्तरमा हुने स्रोतसाधनलाई प्रयोग गरेर आन्तरिक आम्दानी बलियो बनाउनेतर्फ पालिकाको ध्यान पुग्न सकेको छैन । यसले गर्दा पालिकाहरूको आन्तरिक आम्दानी बर्सेनि बढ्नुको साटो उल्टो घट्दो क्रममा छ । आन्तरिक आम्दानी बढाउन नसक्ने पालिकाहरूलाई संघीय सरकारले प्रत्येक वर्ष दिने वित्तीय समानीकरणतर्फको अनुदानमा समेत कटौती गर्दै आइरहेको छ ।

समाचार पृष्ठ २

**केशरराज क्षेत्री / गंगा खड्का** | *बुटवल*
**– को रिपोर्ट**




# काँटछाँटतिर एमाले

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

एमालेले पार्टी कमिटी चुस्त बनाउने लक्ष्यसहित सांगठनिक संरचनामा व्यापक फेरबदलको तयारी गरेको छ। नयाँ विधान संशोधन प्रस्तावअनुसार पदाधिकारी तथा केन्द्रीय सदस्यहरूको संख्या घटाउने, सचिवालय खारेज गर्ने, वरिष्ठ उपाध्यक्ष पद हटाउनेजस्ता निर्णयमा एमाले अग्रसर भएको छ।

उपाध्यक्ष विष्णुप्रसाद पौडेलले केन्द्रीय कमिटी बैठकमा प्रस्तुत गरेको विधान संशोधन प्रस्तावमा अध्यक्षसहित १५ पदाधिकारीको व्यवस्था गरिएको छ। हालको विधानमा १९ जना पदाधिकारी छन्। प्रस्तावअनुसार अब अध्यक्ष १, उपाध्यक्ष ३, महासचिव १, उपमहासचिव ३ र सचिव ७ हुनेछन्। यसैगरी, ३ सय ०१ सदस्यीय केन्द्रीय कमिटीलाई २ सय ५१ मा सीमित गरिनेछ। निवर्तमान अध्यक्ष स्वत: वरिष्ठ नेता हुने प्रावधान पनि हटाइएको छ। पार्टीले अनिर्वाचित व्यक्तिलाई कार्यकारी तहमा राख्नु लोकतान्त्रिक मूल्यविरुद्ध भएको निष्कर्ष निकालेको छ।

**सचिवालय खारेज, पोलिटब्युरो र स्थायी कमिटी सीमित**

नयाँ विधान प्रस्तावमा केन्द्रीय सचिवालयको व्यवस्था खारेज गरिएको छ। पदाधिकारी नै सचिवालयका सदस्य रहने व्यवस्था अब हटाइनेछ। पार्टीको अनुभवका आधारमा धेरै संगठनात्मक तह बनाएर अन्तरपार्टी लोकतन्त्र कमजोर भएको भन्दै सचिवालयको आवश्यकता नरहेको ठहर गरिएको नेताहरूले बताए।


अब केन्द्रीय तहमा स्थायी कमिटी र पोलिटब्युरो मात्रै रहनेछ। स्थायी कमिटीमा अध्यक्षसहित १५ जना पदाधिकारी रहनेछन्, हाल यो संख्या ४५ छ। पोलिटब्युरो सदस्य संख्या पनि घटाइनेछ। प्रस्तावअनुसार केन्द्रीय कमिटीबाट एकतिहाइ सदस्य पोलिटब्युरोमा चयन गरिनेछ।

महासचिवको नेतृत्वमा केन्द्रीय कार्यालय सञ्चालन गरिने भए पनि पृथक् कार्यालय कमिटी गठन नगर्ने भनिएको छ। यसले सुस्पष्ट कार्यविभाजन र नतिजामूलक कार्यसम्पादनमा सहयोग पुऱ्याउने एमालेले ठानेको छ। 'धेरै संठगनात्मक संरचना हुँदा छरितो र गुणस्तरीय कार्यसम्पादन हुन सक्दैन,' प्रस्तावित विधानमा भनिएको छ, केन्द्रीय तहमा विद्यमान केन्द्रीय कमिटी, पोलिटब्युरो, स्थायी कमिटी, केन्द्रीय सचिवालय र केन्द्रीय कार्यालयको अभ्यासबाट हामीलाई यस्तै अनुभव प्राप्त भएको छ।'

**बहुपदीय प्रणालीमा अध्यक्ष कार्यकारी**

पार्टीले अध्यक्षलाई कार्यकारी प्रमुखको हैसियतमा राखेर अन्य सबै पदाधिकारी र समिति अध्यक्षप्रति जवाफदेही रहने बहुपदीय प्रणाली कायम राखेको छ। विधानमा भनिएको छ, 'हामीले अवलम्बन गरेको बहुपदीय प्रणाली अध्यक्ष कार्यकारी प्रमुख हुने, विचार, नीति र संगठनात्मक कामको नेतृत्व गर्ने व्यवस्था हो।'

» बाँकी पृष्ठ ६



**पदाधिकारी**

| पद | हाल | नयाँ प्रस्ताव |
|---|---|---|
| अध्यक्ष | १ | १ |
| वरिष्ठ उपाध्यक्ष | १ | हटाइयो |
| उपाध्यक्ष | ६ | ३ |
| महासचिव | १ | १ |
| उपमहासचिव | ३ | ३ |
| सचिव | ७ | ७ |
| कुल पदाधिकारी | १९ | १५ |

**संगठनात्मक तह**

| तह | हाल | नयाँ प्रस्ताव |
|---|---|---|
| केन्द्रीय सचिवालय | व्यवस्था छ | हटाइयो |
| स्थायी कमिटी | ४५ | १५ |
| पोलिटब्युरो | ९९ | ८४ |

## ढाकामा विमान दुर्घटना, १९ को मृत्यु



**ढाका** (एजेन्सी) : बंगलादेशको राजधानी ढाकामा सोमबार एक लडाकु विमान विद्यालय परिसरमा खस्दा १९ को मृत्यु भएको छ। मृतकमध्ये धेरैजसो विद्यार्थी छन्। चीनमा निर्मित एफ-७ बीजेआई (एफ-७ बीजेआई) लडाकु विमान दिउँसो १:०६ मा प्रशिक्षणका लागि उडेको थियो। उडेको केही समयमै ढाकास्थित मिलस्टोन स्कुल एन्ड कलेजमा दुर्घटनाग्रस्त भएको हो।

दुर्घटनामा १०० भन्दा बढी घाइते भएका छन्। ८३ जना विभिन्न अस्पतालहरूमा उपचाररत छन्। घटनास्थलमा तत्कालै उद्धार कार्य सुरु गरिएको थियो र आगलागी नियन्त्रणमा लिन सुरक्षाकर्मी तथा दमकलकर्मीहरूले अथक प्रयास गरेका थिए। सरकारले मंगलबारलाई राष्ट्रिय शोक दिवस घोषणा गरेको छ। घाइतेहरूको उपचार भइरहेको छ भने मृतक विद्यार्थीको परिवारजन अहिले गहिरो शोकमा छन्।

## लाभांशको आसमा लगानीकर्ताको आकर्षण



**ममता थापा** | *काठमाडौं*

नयाँ आर्थिक वर्षको सुरुवातसँगै सेयर बजारले दिन प्रतिदिन नयाँ रेकर्ड राख्दै आएको छ। विशेषगरी आर्थिक वर्ष (आव) २०८१/८२ को अन्त्यसँगै कम्पनीहरूले वित्तीय विवरण सार्वजनिक गर्ने भएकाले लाभांश प्राप्तिको आसमा लगानीकर्ताहरू तुलनात्मक रूपमा सेयर बजारमा आकर्षित भएको सरोकारवालाहरू बताउँछन्।

कारोबार प्रवृत्तिले पनि त्यस्तै देखाउँछ। साताको पहिलो दिन आइतबार २१ अर्ब ६४ करोड ७६ लाख हाराहारीमा सेयर खरिदबिक्री भएर नयाँ रेकर्ड राख्यो। यो झन्डै १ वर्षपछिको दैनिक कारोबारको ठूलो आकार थियो। यस्तै, यसअघि साताको दोस्रो दिन सोमबार कारोबारका आधारमा अघिल्लो दिनको बराबर नभए पनि नेप्से परिसूचक २१.७६ अंकले बढेर २८९२.७२ विन्दुमा पुग्यो। जबकि, अघिल्लो दिन कारोबारको आकार बढे पनि नेप्से परिसूचक भने एकल अंकले घटेको थियो। सोमबार नेप्से परिसूचकका आधारमा भने साढे ४ महिनाकै उच्च रहेको छ।

यसअघि २०८१ फागुन १८ मा नेप्से परिसूचक बढेर २८९०.२९ विन्दुमा पुगेर टुंगिएको थियो। यसपछिका दिन नेप्से परिसूचक ओरालो लागिरह्यो। हुन त यसबीच सबैभन्दा कम २५८२.७४ विन्दुसम्म नेप्से परिसूचक झरेको थियो। यद्यपि, साताको कारोबारको दोस्रो दिन भने परिसूचक बढेसँगै सो दिन सेन्सेटिभ इन्डेक्स ४.४६ अंकले, फ्लोट इन्डेक्स १.६० अंकले र सेन्सेटिभ फ्लोट इन्डेक्स १.६८ अंकले बढ्यो।

अहिले समग्र सेयर कारोबार बढेसँगै परिसूचक पनि उकालो लाग्न थालेको देखिन्छ। सोमबार मात्रै ३ सय ११ कम्पनीको ३ करोड ५६ लाख ४९ हजार कित्ता सेयर खरिदबिक्री भयो। उक्त कित्ताबराबरको खरिदबिक्री १ लाख ३८ हजार ८२८ पटकसम्म हुँदा १६ अर्ब ३२ करोड ७१ लाख १५ हजार रुपैयाँबराबरको कारोबार देखियो।

» बाँकी पृष्ठ ६

# किताब बेचेर महावीरले जुटाए १६ करोड ३५ लाख, कृषि कारखाना बनाउने

**क्रान्ति साह** | *वीरगन्ज*

वीरगन्ज कृषि औजार कारखाना सञ्चालनका लागि राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महावीर पुनले आफ्नै आत्मकथाको पुस्तक बेचेर अहिलेसम्म १६ करोडभन्दा बढी रकम जुटाएका छन्। दुई दशकदेखि बन्द वीरगन्ज कृषि औजार कारखाना पुन: सञ्चालनका लागि आवश्यक रकम सरकारले सम्झौता गरेर पनि दिएन। त्यसपछि आविष्कार केन्द्रका अध्यक्ष पुन आफैंले आफ्नो आत्मकथा लेखेर पुस्तक बेच्न सुरु गरे। हालसम्म ४३ जिल्लामा पुगेर पुस्तक बेचेका पुनले बिक्रीबाटै अहिलेसम्म १६ करोड ३५ लाख रुपैयाँ संकलन गरिसकेको जानकारी दिए। उनले हालसम्म २ लाख १८ हजार थान पुस्तक बेचिसकेको बताए। उनका अनुसार एउटा पुस्तकको मूल्य ७ सय ५० रुपैयाँ तोकिएको छ।

२०८० पुसदेखि पुस्तक बिक्री गर्न देश दौडाहा सुरु गरेका पुनले गत असारसम्म ४३ जिल्लामा पुगेर २ लाख १८ हजार थान बिक्री गरिसकेको बताए। अब बाँकी रहेका ३४ जिल्लामा पनि पुग्ने योजना रहेको उनले सुनाए। सोभियत संघ रुसको सहयोगमा २०२१ सालमा स्थापित सरकारी स्वामित्वको वीरगन्ज कृषि औजार कारखाना निरन्तर घाटामा गएको भन्दै सरकारले २०५९ सालमा पूर्ण रूपमा बन्द गरिदिएको थियो।

दुई दशकदेखि बन्द उक्त कारखाना पुन: चलाउन भन्दै संघ सरकारले २०७९ भदौ ३१ मा राष्ट्रिय आविष्कार केन्द्रलाई जिम्मा दिने निर्णय गरेपछि आविष्कार केन्द्र र अर्थ मन्त्रालयबीच २०७९ असोज ११ गते सम्झौता भएको थियो। उक्त सम्झौतापत्रमा कारखानाको मर्मतसम्भारलगायत कामका लागि आवश्यक बजेट अर्थ मन्त्रालयले आविष्कार केन्द्रलाई उपलब्ध गराउनुपर्ने उल्लेख थियो। कारखाना पुन: सञ्चालनका लागि विकल्प सुझाउन कृषि मन्त्रालयले गठन गरेको कार्यदलले तयार पारेको प्रतिवेदनमा कारखाना मर्मतसम्भार गरी पुन: सञ्चालनमा ल्याउन ३० करोड रुपैयाँ आवश्यक पर्ने उल्लेख गरिएको थियो।

तर, अर्थ मन्त्रालयले आवश्यक बजेट दिन चासो नै नलिएपछि आविष्कार केन्द्रका अध्यक्ष पुनले आवश्यक रकमको जोहो गर्न आफैं अगाडि सर्दै आफ्नो आत्मकथाको पुस्तक बेच्न २०८० पुसदेखि देश दौडाहा अभियान सुरु गरेका हुन्।

केन्द्रले कारखानाको मर्मत सम्भार गरी पुन: सञ्चालनमा ल्याइसकेको छ। कारखानाले हाल कृषि औजार र उपकरणहरू उत्पादन गरेर बिक्री पनि गर्दै आइरहेको छ। कारखाना सञ्चालनको जिम्मा लिएको राष्ट्रिय आविष्कार केन्द्रका इन्जिनियर रितेश देवले कारखानामा जेठ पहिलो सातादेखि नै विभिन्न कृषि औजार र उपकरणहरू उत्पादन गरेर बिक्री सुरु गरिएको बताए।

उनका अनुसार कारखानामा हाल धान रोप्ने उपकरण 'राइस प्लान्टर', धान रोप्ने हाते ट्याक्टर चलाउन तथा हिलोको झारपात हटाउन उपयोगी हुने उपकरण 'प्याडी विडर केज ह्विल', कोदो रोप्ने मेसिन 'मिलेट प्लान्टर', माछा पालनमा उपयोगी हुने 'फिस इन्क्युवेटर', 'अक्सिजन टावर'लगायत उपकरण व्यावसायिक रूपमै उत्पादन गरेर बिक्रीवितरण भइरहेको छ।

'प्याडी विडर केज हिल' उपकरण हालसम्म १ सयभन्दा बढी नै बिक्री भइसकेको र थप ५ सय थानका लागि अर्डरसमेत आइसकेको उनले बताए। केन्द्रले उत्पादन गरी बिक्रीवितरण गरिरहेका यी उपकरणहरू हालसम्म नेपालमै पहिलोपटक उत्पादन भएको पनि इन्जिनियर देवले बताए। यसअघि यी उपकरण भारत र चीनबाट आयात हुँदै आएको भन्दै देवले अब नेपालमै उत्पादन हुन थालेकाले विदेशीभन्दा सस्तो र बलियो पनि रहेको दाबी गरे।

कृषि औजार कारखानामा अहिले धान काट्ने रिपर, आलु खन्ने डिगर, आलु रोप्ने प्लान्टर, गोबर पेल्ने डङ्ग डिवाटरिङ, प्लास्टिक बनाउने मल्चर, सुक्खा घाँस काट्ने, धान गोड्ने, खन्ने आदि काम गर्ने विडर मेसिनको सफल परीक्षण उत्पादन गरिसकेको देवले बताए।




» बाँकी पृष्ठ ६